# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, पुस १८ गते, २०७३ साल (संख्या ४६

## भाग ३

नेपाल सरकार

**उद्योग मन्त्रालयको सूचना**

## खानी तथा खनिज पदार्थ (चौथो संशोधन) नियमावली, २०७३

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१ <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "खानी तथा खनिज पदार्थ (चौथो संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २४ मा संशोधन : खानी तथा खनिज पदार्थ नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २४ को,-

(१) उपनियम (१) मा रहेका "कम्तीमा साठी दिनको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा तीस दिनको" भन्ने शब्दहरू राखी "सूचना प्रकाशन गरी" भन्ने शब्दहरू पछि "छुट्टा-छुट्टै सिलबन्दी प्राविधिक र आर्थिक" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (२) को खण्ड (घ१) पछि देहायको खण्ड (घ२) थपिएको छ :-

"(घ२) प्राविधिक प्रस्तावको मूल्याङ्कन गरेपछि आर्थिक प्रस्ताव खोलिने कुरा ।"

(३) उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) विभागले कुनै खनिजको खोजतलास कार्य गर्दा लागेको प्रत्यक्ष खर्चको वर्तमान मूल्य कायम गरी सो मूल्यलाई न्यूनतम मूल्य मानी बढाबढ गर्दा प्रस्तावकले कबोल गरेको रकम वा सो बराबरको शेयर लिन चाहेको भए सो कुरा समेत उपनियम (१) बमोजिम प्रकाशन गरिने सूचनामा उल्लेख गर्नु पर्नेछ।"

(४) उपनियम (३) पछि देहायका उपनियम (४), (५), र (६) थपिएका छन् :-

"(४) उपनियम (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको समयावधिमा तीनवटा भन्दा कम प्रस्ताव प्राप्त हुन आएमा पन्ध्र दिनको म्याद दिई पुनः प्रस्ताव आह्वान गर्नु



८५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नेछ । पुनः प्रस्ताव आह्वान गर्दा सो भन्दा पहिला दर्ता हुन आएका प्रस्तावलाई कायमै राख्न सकिनेछ । त्यसरी पुनः प्रस्ताव आह्वान गर्दा पनि तीनवटा प्रस्ताव नपुगेमा प्राप्त भएजति प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(५) उपनियम (१) वा (४) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले उपनियम (३) बमोजिम विभागले कायम गरेको न्यूनतम मूल्यको दुई प्रतिशतले हुन आउने रकम नगदै वा वाणिज्य बैङ्कले जारी गरेको सो रकम बराबरको जमानत (बैङ्क ग्यारेन्टी) प्रस्तावसाथ पेश गर्नु पर्नेछ ।

(६) उपनियम (१) वा (४) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा प्राविधिक र आर्थिक प्रस्तावको कुल अङ्कभार एक सय मानी त्यस्तो अङ्कभारमध्ये प्राविधिक प्रस्तावको अङ्कभार साठी र आर्थिक प्रस्तावको अङ्कभार चालीस कायम गर्नु पर्नेछ।"

३. <u>मूल नियमावलीको नियम २५ मा संशोधन</u> : मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छ :-

"२५. <u>प्राविधिक तथा आर्थिक प्रस्तावमा खुलाउनु पर्ने कुराहरू</u> :

(१) नियम २४ बमोजिम पेश गरिने प्राविधिक प्रस्तावमा देहायका विवरण खुलाउनु पर्नेछ :-

(क) नियम ५ बमोजिम सम्बन्धित खनिज पदार्थको खनिज कार्यको लागि तोकिएको योग्यता,

(ख) खानी तथा खनिज परियोजना कार्यान्वयन गर्ने तरिका र समय तालिका,



८४७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग

(ग) प्रस्तावकसँग खनिज कार्यको लागि आवश्यक यन्त्र उपकरण, जनशक्ति वा विशेषज्ञको व्यवस्था गर्न सक्ने क्षमता र पूँजी,

(घ) खनिज कार्यको अवधिमा गरिने विभिन्न चरणको न्यूनतम कार्यक्रम,

(ङ) अन्वेषणात्मक विकास तथा सम्भाव्यता अध्ययनको योजना,

(च) लगानी, रोजगारी र सामाजिक विकासको योजना,

(छ) अन्वेषण वा उत्पादन गर्दा प्रयोग गरिने प्रविधि, लगानीको स्रोत र प्रस्तावकको क्षमता,

(ज) खनिज कार्य गरेको र खनिज बिक्री वितरण सम्बन्धी अनुभव,

(झ) कबोल गरेको रकम वा शेयर एकमुष्ठ वा चरणबद्ध रूपमा कसरी दाखिला गर्ने हो त्यसको समय तालिका,

(ञ) अन्य आवश्यक कुराहरू ।

(२) नियम २४ बमोजिम पेश गरिने आर्थिक प्रस्तावमा सोही नियमको उपनियम (३) बमोजिम





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बढाबढद्वारा कबोल गरेको रकम वा सो रकम बराबरको शेयरको हिस्साको विवरण खुलाउनु पर्नेछ।"

४. <u>मूल नियमावलीको नियम २६ मा संशोधन</u> : मूल नियमावलीको नियम २६ को सट्टा देहायको नियम २६ राखिएको छ :-

"२६. <u>प्रस्तावको मूल्याङ्कन</u> : (१) प्रस्तावको मूल्याङ्कन गर्दा नियम ५ बमोजिम सम्बन्धित खनिज पदार्थको खनिज कार्यको लागि तोकिएको योग्यता पुगेका प्रस्तावकले पेश गरेको प्राविधिक प्रस्ताव मात्र मूल्याङ्कनमा समावेश गरिनेछ । प्राविधिक प्रस्तावलाई कायम गरिएको अङ्कभारलाई एक सय मानी देहाय बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ :-

(क) खानी तथा खनिज परियोजना कार्यान्वयन गर्ने तरिका र समय तालिका बापत अङ्क बीस,

(ख) प्रस्तावकसँग खनिज कार्यको लागि आवश्यक यन्त्र, उपकरण, जनशक्ति वा विशेषज्ञको व्यवस्था गर्न सक्ने क्षमता र पूँजी बापत अङ्क बीस,

(ग) खनिज कार्यको अवधिमा गरिने विभिन्न चरणको न्यूनतम कार्यक्रम बापत अङ्क दश,



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(घ) अन्वेषणात्मक विकास तथा सम्भाव्यता अध्ययनको योजना बापत अङ्क दश,

(ङ) लगानी, रोजगार र सामाजिक विकासको योजना बापत अङ्क दश,

(च) अन्वेषण वा उत्पादन गर्दा प्रयोग गरिने प्रविधि, लगानीको स्रोत र प्रस्तावकको क्षमता बापत अङ्क पाँच,

(छ) खनिज कार्य गरेको र खनिज बिक्री वितरण सम्बन्धी अनुभव बापत अङ्क दश,

(ज) कबोल गरेको रकम वा शेयर एकमुष्ठ वा चरणबद्ध रूपमा कसरी दाखिला गर्ने हो त्यसको समय तालिका बापत अङ्क दश,

(झ) अन्य आवश्यक कुरा बापत अङ्क पाँच ।

(२) आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावमा कम्तीमा पचास प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकले पेश गरेको आर्थिक प्रस्ताव मात्र खोल्नु पर्नेछ । आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावकले कबोल गरेको रकमलाई आर्थिक प्रस्तावलाई



850

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ ।

छुट्याइएको अङ्कभारले गुणन गरी प्राप्त गुणनफललाई सबभन्दा बढी कबोल गरेको रकमले भाग गर्दा आउने भागफल अङ्क आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क हुनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्ने सिलसिलामा विभागले प्रस्तावकसँग थप विवरण वा जानकारी माग गर्न सक्नेछ ।

(४) उपनियम (१) र (२) अनुसार क्रमशः प्राविधिक र आर्थिक प्रस्तावमा प्राप्त अङ्क जोड्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकको प्रस्ताव सम्झौताको लागि छनौट गर्नु पर्नेछ । छनौट भएको प्रस्तावकलाई तीस दिनको समयावधि तोकी सम्झौता गर्न सूचना दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकले विभागले तोकेको अवधिभित्र सम्झौता गर्न नआएमा निजले राखेको जमानत जफत गरी दोस्रो उच्चतम अङ्क प्राप्त गर्ने प्रस्तावकको प्रस्ताव छनौट गरिनेछ । त्यसरी सम्झौता गर्न नआउने प्रस्तावकलाई कालोसूचीमा राख्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ। "

५. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ को खण्ड (म) पछि देहायका खण्ड (म१) र (म२) थपिएका छन् :-

"(म१) कबोल गरेको बढाबढ रकम वा शेयर दाखिला तालिका ।



85।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(म२) लगानी, रोजगारी र सामाजिक विकासको योजना ।"

६. मूल नियमावलीको नियम ३४ मा संशोधन : मूल नियमावलीको नियम ३४ को,-

(१) उपनियम (४) मा रहेको "पन्ध्र दिनको म्याद" भन्ने शब्दहरूको सट्टा "तीस दिनको म्याद" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (६) झिकिएको छ ।

७. मूल नियमावलीको अनुसूची-१० मा संशोधन : अनुसूची-१० को "खनिज पदार्थको वर्ग" अन्तर्गत क्रम सङ्ख्या २ को 'अधातु' वर्गको 'खनिज पदार्थको नाम' महलको क्रम सङ्ख्या २० को 'साधारण निर्माण ढुङ्गा' अन्तर्गत देहाय (२) स्ल्याब स्टोन र (३) स्लेट को 'रोयल्टी दर (रू) प्रति उल्लिखित इकाई' अन्तर्गत रहेका "प्रति घन मिटर" भन्ने शब्दहरूको सट्टा "प्रति वर्ग मिटर" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
शंकर प्रसाद कोइराला
नेपाल सरकारको सचिव

852



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# भाग ४

## महान्यायाधिवक्ताको कार्यालयको
## सूचना १

नेपालको संविधानको धारा १५८ को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताबाट सोही धाराको उपधारा (२) बमोजिम आफूमा निहित अधिकार देहायको शर्तको अधीनमा रही विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ :-

१. पुनरावेदन अदालत पाटनको वाणिज्य इजलाशमा दायर हुने सुरक्षित कारोबार ऐन, २०६३ र बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को कसूर सम्बन्धी मुद्दामा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका हकमा सम्बन्धित अनुसन्धान अधिकारीबाट मुद्दाको अनुसन्धान तथा तहकिकात पुरा भई रायसहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि प्राप्त मिसिलमा विशेष सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको मुल्याङ्कनबाट मुद्दा चलाउनु पर्ने देखेमा सो को आधार र कारण सहितको निर्णय गरी आवश्यक कानूनी कार्यविधि पुरा गरी प्रचलित कानून बमोजिम सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्ने ।

२. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागजमा सहन्यायाधिवक्ताले तोकेको उपन्यायाधिवक्ताले अध्ययन गर्दा सवुद प्रमाणको मुल्यांङ्कनबाट मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय सोही कार्यालयका सहन्यायाधिवक्ता समक्ष पेश गर्नु पर्ने र सहन्यायाधिवक्ताले मुद्दा चलाउनु पर्ने देखेमा सो बमोजिम गर्न आधार र कारण सहितको निर्णय गरी आवश्यक



४५३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कानूनी कार्यविधि पुरा गरी प्रचलित कानून बमोजिम सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्न लगाउने ।

३. प्रकरण १ बमोजिम प्राप्त मिसिल कागज अध्ययन गर्दा सहन्यायाधिवक्ताले मुद्दा चलाउनु नपर्ने देखेमा आधार र कारण सहितको आफ्नो राय सहितको निर्णय अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पेश गर्न महान्यायाधिवक्ता कार्यालयमा पठाई निकासा भए बमोजिम गर्ने ।

## सूचना २

खण्ड ६५, अतिरिक्ताङ्क १५क., मिति २०७२।०६।०३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित महान्यायाधिवक्ताको कार्यालयको सूचना २ को प्रकरण १ को दोस्रो हरफमा रहेको "वैदेशिक रोजगार ऐन, २०६४" पछि "र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४" थप गरी महान्यायाधिवक्ताबाट सो ऐन बमोजिमको कसुर सम्बन्धी मुद्दाका सन्दर्भमा विशेष सरकारी वकील कार्यालयका सरकारी वकीलले उक्त सूचनामा उल्लिखित शर्तको अधीनमा रही सो बमोजिमको अधिकार प्रयोग र पालना गर्न पाउने गरी नेपालको संविधानको धारा १५८ उपधारा (७) बमोजिम अधिकार प्रत्यायोजन गरिएको छ ।

आज्ञाले,
दुर्गाबन्धु पोखरेल
नायब महान्यायाधिवक्ता



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।